# विपद् जोखिम बीमा सम्बन्धी कार्यविधि, २०७६

प्रशासकीय कार्यविधि (नियमित) गर्ने ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "विपद् जोखिम बीमा सम्बन्धी कार्यविधि,२०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "औसत शर्त" भन्नाले बीमा गरिने सम्पत्ति (निजी घर) को बजार मूल्यभन्दा कम मूल्यमा बीमा गरिएको सम्पत्तीको आंशिक दाबी परेको अवस्थामा वास्तविक मूल्य र बीमा गरिएको घोषित मूल्यको आधारमा दाबी रकम भुक्तानी हुने शर्तलाई सम्झनुपर्छ।

(ख) "प्रदेश सरकार" भन्नाले कर्णाली प्रदेश सरकारलाई सम्झनुपर्छ।

(ग) "बिमक" भन्नाले राष्ट्रिय बीमा कम्पनीलाई सम्झनुपर्दछ।

(घ) "बीमा कम्पनी" भन्नाले राष्ट्रिय बीमा कम्पनीलाई सम्झनुपर्छ।

(ङ) "बीमा शुल्क" भन्नाले बिमितको तर्फबाट प्रदेश सरकारले तिर्ने शुल्क (प्रिमियम) लाई सम्झनु पर्छ।

(च) "बीमाङ्क" भन्नाले बीमा गरिने नागरिकहरुलाई प्रति व्यक्तिको लागि तोकिएको क्षतिपुर्ति रकम र भवनको हकमा बीमा गर्नको लागि प्रति भवनको अधिकतम स्वीकार गरिएको मूल्य सम्झनु पर्छ।

(छ) "बीमित" भन्नाले कार्यविधि अन्तर्गत बीमा सुविधा प्राप्त गर्ने व्यक्तिलाई सम्झनुपर्छ।

(ज) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनुपर्छ।

(झ) "मौन विशेषताका भवन" भन्नाले प्रयोगमा नरहेको वा निर्माणाधीन अवस्थामा रहेका भवनलाई सम्झनुपर्छ।

(ञ) "निजी आवास" भन्नाले प्रदेश सरकारले छनौट गरेको वा प्राथमिकतामा राखेको कर्णाली प्रदेश अन्तर्गतको निजी आवासीय भवन सम्झनुपर्छ।

(ट) "विपद् जोखिम बीमा" भन्नाले कर्णाली प्रदेशमा स्थायी बसोबास भएका र अन्य प्रदेशमा स्थायी बसोबास भई यस प्रदेश भित्र कम्तिमा छ महिनादेखि सरकारी र गैरसरकारी संस्था कार्यरतहरुका हकमा गरिने सामूहिक विपद् दुर्घटना र जोखिम ग्रस्त क्षेत्रमा रहेका निजी आवासहरुको बिमा सम्झनुपर्छ।

(ठ) "स्थानीय तह" भन्नाले गाउँपालिका र नगरपालिकालाई सम्झनुपर्छ।

(ड) "हकवाला" भन्नाले बिमितको आवास र व्यक्तिको हक लाग्ने क़ानून बमोजिम नजिकको व्यक्तिलाई सम्झनुपर्छ।

३. बीमितको पहिचान र बीमा गरिने भवनको संख्या निर्धारण : बीमितको पहिचान र बीमा गरिने भवनको संख्या निर्धारण देहाय बमोजिम हुनेछः-

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश

(क) "विपद् दुर्घटना बीमा" अन्तर्गत कर्णाली प्रदेशमा स्थायी बसोबास भएका र अन्य प्रदेशमा स्थायी बसोबास भई यस प्रदेशमा कम्तिमा छ महिनादेखि सरकारी, गैर-सरकारी तथा अन्य क्षेत्रमा कार्यरत नेपाली नागरिकले यस बीमा वापतको लाभ प्राप्त गर्न योग्य हुनेछन्। यस खण्ड बमोजिम सामुहिक विमाको लागि प्रिमियम गणना गर्ने प्रयोजनको लागि चालू आर्थिक वर्षमा सत्र लाख सत्तरी हजार जनसंख्यालाई आधार मानिनेछ।

(ख) "जोखिमग्रस्त क्षेत्र आवास बीमा" अन्तर्गत प्रदेशको भौगोलिक सिमा भित्रका जोखिमग्रस्त क्षेत्रहरुको पहिचान गरी सो क्षेत्रमा रहेका निजी भवनहरुको संख्या बीमा कम्पनीलाई उपलब्ध गराईनेछ। उक्त संख्या नै कुल बीमितको संख्या हुनेछ।

(ग) जोखिम ग्रस्त क्षेत्रको पहिचान प्रदेश विपद् व्यवस्थापन समिति वा जिल्ला विपद् व्यवस्थापन समितिले गर्नेछ।

(घ) खण्ड (ख) बमोजिमको बिमित हुनको लागि प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिले तोकेको संख्या भित्र रही स्थानीय विपद् व्यवस्थापन समितिको सिफारिसमा जिल्ला विपद् व्यवस्थापन समितिले छनौट गर्नेछ।

(ङ) खण्ड (घ) बमोजिमको घर छनौट गर्दा घरधनिको नेपाली नागरिकताको प्रमाणपत्र, जग्गाधनी प्रमाणपूर्जा वा जग्गाको किता नं. खुलेको कागजात र घर निर्माण भएको स्थानीय तहको सिफारिस भएको हुनु पर्नेछ।

४. <u>बीमा सम्झौता</u> : मन्त्रालयले राष्ट्रिय बीमा कम्पनीसँग बीमा सम्झौता गर्दा देहायका शर्तहरु पालना गर्नुपर्नेछ।

(क) बीमा गर्ने व्यक्ति र भवनहरुको संख्या मन्त्रालयले राष्ट्रिय बीमा कम्पनीलाई उपलब्ध गराउने छ।

(ख) विपद् सामुहिक दुर्घटना बीमाको बीमाङ्क प्रति व्यक्ति रु. दुई लाख हुनेछ।

(ग) खण्ड (ख) अनुसार बीमा सुविधाबाट लाभान्वित हुनको लागि प्रदेशमा स्थायी बसोबास भएका नागरिकहरुको हकमा देशको जुनसुकै भू-भागमा घटेको घट्नाका कारण कुनै व्यक्तिको मृत्यु भएमा त्यस्ता व्यक्तिको हकवालालाई बीमा कम्पनीले क्षतिपूर्ति प्रदान गर्नेछ।

(घ) नेपालको जुन सुकै स्थानमा स्थायी बसोबास भई प्रदेशका सरकारी, गैर-सरकारी संघ संस्था र अन्य क्षेत्रमा कार्यरत व्यक्तिहरुको समेत विपद्का घटनाको कारण मृत्यु भएमा बीमा कम्पनीले क्षतिपूर्ति प्रदान गर्नेछ।

(ङ) जोखिमग्रस्त क्षेत्र आवास बीमा अन्तर्गत बीमागरिने भवनको बीमाङ्क रकम प्रति भवन रु. पाँच लाख कायम गरिएको छ।

(च) खण्ड (घ) बमोजिम कायम गरिएको बीमाङ्कलाई मान्नु पर्नेछ र यस बमोजिम बीमा गरिएको भवनको बीमा दाबीमा औषत शर्त लागु हुने छैन।

(छ) यस कार्यविधि बमोजिम गरिने जोखिमग्रस्त क्षेत्र आवास बीमा अन्तर्गत बीमालेखले अग्नी, भूकम्प, बाढी/जलमग्न, पहिरो/जमिन धसिने वा भासिने, हावाहुरी, महामारी, हिमताल

विस्फोटन, ज्वालामुखी विस्फोटन तथा आधीबेरी, चटयाङ्ग, शितलहर, हिउँ, असिना र भिरबाट लडेर हुने आकस्मिक दूर्घटना जोखिम विरुद्ध सुरक्षण प्रदान गर्नेछ।

(ज) व्यक्तिगत बीमितले बीमा गरिने भवन धितोमा राखी बैंक मार्फत ऋण प्राप्त गरेको अवस्थामा खण्ड (ङ) बमोजिमको बीमाङ्क रकम बजार मूल्य अनुसार कायम गर्न सक्नेछ। बजार मुल्य अनुसार बीमाङ्क कायम गरिएको अवस्थामा थप बीमा शुल्क भुक्तानी गर्ने दायित्व समेत बिमित स्वयंको हुनेछ। यस्तो अवस्थामा परेको दाबीमा औसत शर्त लागु हुनेछ।

(झ) बीमा गरिएको भवन बीमालेखले रक्षावरण गरेको जोखिमको कारण क्षती हुन जादा बीमित वा निजको परिवारको बढीमा ५ सदस्य समेतको सोही दुर्घटनाको कारण मृत्यु भएमा बीमा कम्पनीले रु.पाँचलाखको दरले अतिरिक्त क्षतिपूर्ति प्रदान गर्ने छ।

(ञ) यस कार्यविधि अन्तर्गत बीमा सुविधा मौन विशेषता का भवनहरुमा समेत लागू हुनेछ तर बीमाङ्क रकम र बीमा शुल्कमा परिवर्तन हुनेछैन।

(ट) यस कार्यविधिमा तोकिएमा यसै कार्यविधि बमोजिम र नतोकिएका बीमा सम्बन्धी सुविधा, सेवा तथा शर्तहरु सम्झौतामा तोके बमोजिम हुनेछन्।

५. <u>बीमा लेखले नसमेट्ने विषयहरु</u> : बीमालेख अन्तर्गत देहायका अवस्थामा बिमकले भुक्तानि दावी गर्न पाउने छैन,

(क) जानी जानी आफैले लगाएको चोटको कारणबाट,

(ख) आत्महत्या वा यसको प्रयास,

(ग) मादक पदार्थ वा लागुऔषधको प्रभावका कारण,

(घ) गैरकानूनी तरिकाले उडेको उडानबाट,

(ङ) खतरनाक खेलहरु जस्तै- घोडादौड, बन्जी जम्पीङ्ग, प्यारागलाईडिङ्ग, मोटरसाईकल रेस,

(च) बीमितले कुनै प्रचलित कानून भंग गरेको कारणबाट

(छ) पूर्व निर्धारित युद्ध, हुलदंगा, अतिक्रमण, क्रान्ति भएको कारणबाट भएको क्षति

६. <u>बीमा शुल्क, व्यवस्था र भुक्तानी</u> : बीमा गरे वापत बीमा कम्पनीलाई देहाय बमोजिम बीमा शुल्क मन्त्रालयले भुक्तानी गर्नेछ।

(क) मन्त्रालयले विपद् सामुहिक दुर्घटना बीमा र निजी आवासको बीमा शूल्क राष्ट्रिय बीमा कम्पीनसँग सम्झौता गरे अनुसार हुनेछ।

(ख) मन्त्रालयले विपद् बीमा सम्बन्धी गरेका विगतका सम्झौतालाई यस कार्यविधिमा भएका व्यवस्था अनुसार बीमा शुल्क पुनरावलोकन तथा संशोधन गरी सम्झौता गर्न सक्नेछ।

(ग) आगामी वर्षहरुमा जोखिम विश्लेषण तथा विपद् क्षतिको अध्ययन गर्न निश्चित विशेष जनसंख्याको लागि सोही रकमबाट थप बीमा हुन सक्ने प्रावधानलाई प्राथमिकता दिँदै बीमा कार्य गर्न सकिनेछ।

(घ) बीमा गरिने सम्पूर्ण व्यक्तिको रकम मन्त्रालयले राष्ट्रिय बीमा कम्पनीलाई आवश्यकता अनुसार तीन किस्तामा भुक्तानी गर्नेछ। किस्ता रकम भुक्तानी गर्दा पहिलो किस्ता मंसिर मसान्तसम्म दोश्रो किस्ता फाल्गुन मसान्तसम्म र अन्तिम किस्ता असार मसान्तसम्म वा सबै किस्ताको भुक्तानी एकै पटक प्रदान गरिनेछ।

Scanned with CamScanner

७. <u>अनुगमन समिति</u> : (१) यस कार्विधि अन्तर्गत गरिने दुवै प्रकारका बीमाको तथ्याङ्क संङकलन, बीमालेखको जारी गर्ने कार्यमा सहजिकरण, बीमालेखको नियमितता, प्रभावकारिता र दाबी फछ्र्यौट कार्यमा सहजिकरण गर्नको लागी देहाय बमोजिमको प्रदेशमा एक अनुगमन समिति रहनेछ।

(क) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -संयोजक

(ख) अधिकृत प्रतिनिधि,मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ग) अधिकृत प्रतिनिधि आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(घ) बीमा विज्ञ आन्तरिक मामिला तथा कानून मन्त्रालयले तोकेको व्यक्ति -सदस्य

(ङ) प्रतिनिधि बीमा कम्पनी - सदस्य

(च) विपद् तथा शान्ति सुरक्षा महाशाखा प्रमुख, मन्त्रालय - सदस्य सचिव

(२) आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(३) बीमा बिज्ञ भन्नाले बीमा सम्बन्धी कम्पनीमा अधिकृतस्तरमा कम्तिमा दश वर्ष कार्य अनुभव प्राप्त गरेको।

८. <u>दाबी भुक्तानी प्रकृया</u> : यस कार्यविधि अन्तर्गत बीमा गरिएका व्यक्ति तथा निजी भवनहरुको हानी नोक्सानी हुन गई सोको क्षतिपूर्ती बिमक कम्पनीले देहाय बमोजिम गर्नुपर्नेछ :-

(क) बीमा गरिएको व्यक्तिको हकवालाले घटना भएको मितिले ३५ दिन भित्र बिमक कम्पनीलाई सम्बन्धित स्थानीय तहको सिफारिश सहित अनुसूची -१बमोजिमको लिखित जानकारी दिनुपर्नेछ। तर विशेष परिस्थितिमा तोकिएको हदम्याद भित्र निवेदन दिन नसकेमा जिल्ला प्रशासन कार्यालयको सिफारिसलाई आधार मानिने छ।

(ख) घर बीमाको हकमा, बिमक कम्पनीले अनुसूची-२ बमोजिमको लिखित जानकारी पाएको ३ दिन भित्र क्षति मूल्याङ्कनको लागि बीमा समितिबाट इजाजत प्राप्त सर्भेयर खटाई सक्नु पर्नेछ वा दाबी नलाग्ने भए बिमितलाई तीन दिन भित्र लिखित जानकारी दिनु पर्नेछ।

(ग) बिमक कम्पनीले खटाएको सर्वेयरले क्षतीको निरीक्षण गरिसके पछि प्रतिवेदन तयार गर्नका लागिबीमितले तोकिएको ढाँचाको दाबी फाराम भरी देहाय बमोजिमको कागजात सर्भेयरलाई बुझाउनु पर्ने छ।

१. भवन रहेको जग्गाको लालपूर्जाको प्रमाणित प्रतिलिपी वा प्रयोगको निस्सा,

२. स्वीकृत भवनको नक्साको प्रमाणित प्रतिलिपी वा स्थानीय तहको सिफारिस,

३. नागरिकताको प्रमाणित प्रतिलिपी,

४. मर्मत लागत अनुमान,

५.सम्बन्धीत स्थानीय तह र नजिकको प्रहरी कार्यालयको सिफारिस,

६.सम्पूर्ण जानकारी सहित कम्पनीले उपलब्ध गराएको दाबी फाराम,

(घ) उपदफा (ग) बमोजिम कागजात प्राप्त गरेको १५ दिन भित्र सर्भेयरले सर्भे प्रतिवेदन बिमक कम्पनीलाई बुझाउनु पर्नेछ।

(ङ) सर्भेयरले प्रतिवेदन बुझाएको १५ दिन भित्र बिमकले सोझै बीमितले पाउने सम्पूर्ण रकम भुक्तानी गर्नु पर्नेछ र सो को जानकारी मन्त्रालयलाई दिनुपर्नेछ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश

(च) विमकले भुक्तानी गरेको बारे स्थानीय विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति र प्रदेश विपद् व्यवस्थापन समितिलाई जानकारी गराउनु पर्नेछ।

(छ) विपद जोखिम सामुहिक दुर्घटनाको हकमा, बीमा दाबी प्राप्त गर्नको लागि बिमितले तोकिएको ढाँचा बमोजिमको दाबी फाराम भरी देहाय बमोजिमको कागजात बुझाएको १५ दिन भित्र बिमकले स्थानीय सरकार मार्फत वा सोझै सम्झौता रकम भुक्तानी गर्नु पर्नेछ।

(ज) दावी फाराम नेपालीमा हुनुपर्नेछ।

९. <u>बीमा सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्नुपर्ने</u> : बिमा सम्बन्धी सचेतना अभिवृद्धि गर्न देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्नुपर्नेछः-

(क) बीमासम्बन्धि सचेतना अभिवृद्धि कार्यक्रम मन्त्रालयले जिल्ला तथा स्थानीय स्तरमा सञ्चालन गर्नुपर्नेछ।

(ख) बीमा सम्बन्धी प्रचार प्रसार, सचेतना कार्यक्रम विपद् सहजकर्ता/दूत परिचालन, तथ्याङ्क संकलन खर्च तथा अनुगमन समितिको बैठक र अनुगमन गर्न लाग्ने खर्चबीमाको लागि विनियोजित बजेटबाट गर्नु पर्नेछ।

१०. <u>विज्ञको व्यवस्था:</u> सम्झौता बमोजिमको बीमालेख खरिद गर्न, जोखिम ग्रस्त क्षेत्रका आवासिय भवनहरुको पहिचान गरी सुचिकृत गर्न तथा दाबीको समयमा आवश्यक समन्वय गर्नको लागि मन्त्रालयबाट एक बीमा बिज्ञको नियुक्ती हुनेछ र निजको भ्रमण आदेश मन्त्रालयले गर्नेछ ।विज्ञको प्रदेशभित्र हुने भ्रमण खर्च मात्र प्रदेशको नवौं तहको अधिकृत सरह मन्त्रालयले वेहोर्नेछ। साथै अनुगमन मुल्याङ्कन, नियमन र सुपरिवेक्षण, सहजीकरण र व्यवस्थापन गर्ने कार्यमा संलग्न कर्मचारीहरुलाई तह अनुसार तोकिएको दैनिक भ्रमण भत्ता उपलब्ध गराइनेछ। निजले मासिक पारिश्रमिक पाउने छैन्।

११. <u>कारवाही हुने</u> : कुनै व्यक्तिले झुठ्ठा विवरण पेश गरीबीमा दाबी लिएमा, लिन खोजेमा वा झुठ्ठा व्यहोरा सिफारिस गरेको पाइएमा दावि लिने र सिफारिश दिनेव्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

१२. <u>विविध</u> : (१) यो कार्यविधि आर्थिक वर्ष २०७६/७७ को स्वीकृत वार्षिक विकास कार्यक्रमको बजेट सीमा भित्र रही कार्यान्वयन हुनेछ।

(२) यस कार्यविधिले आगामी आर्थिक वर्षमा प्रदेश सरकारलाई आर्थिक दायित्व सिर्जना गर्ने छैन ।

(३) यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा उल्लेख नभएका विषयहरुमा बीमा ऐन, २०४९, बीमा नियमावली, २०४९ र प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ बमोजिम हुनेछ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रमुख सचिव

<u>अनुसूची-१</u>

दफा ८ को उपदफा (क) सँग सम्बन्धित

विपद् जोखिम सामूहिक दुर्घटना सुचना दावि फाराम.

मिती : ..............................

श्रीमान्.....................................

बिषयः दाबी सम्बन्धमा।

महोदय,

उपरोक्त विषयमा यस मन्त्रालय मार्फत त्यस कम्पनीबाट बीमा व्यक्ति मिति ..................... अन्दाजी ........... बजे .................................को कारण मृत्युभएकोले सम्झौता अनुसार दाबी रकम भुक्तानीको प्रकृया अगाडी बढाईदिनु हुन सादर अनुरोध छ।

१ बिमितको नामः

२ ठेगानाः

३ नागरिकताको प्रतिलिपि

४ बीमा लेख नम्बरः

५ क्षती वा दुर्घटनाको कारणः

६ सम्पर्क नम्बरः

७ हकवालाको नाम र दस्तखतः

(१) देहाय बमोजिमका कागजातहरु संलग्न गरी भुक्तानीको लागी पेश गर्नुपर्नेछ।

१. मृतकको पोष्ट मार्टम रिपोर्ट,

२. नाता प्रमाणीत प्रमाणपत्र,

३. हकवालाको नागरिकताको प्रमाणित प्रतिलिपी,

४. मृत्यु दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,

५. सम्बन्धित स्थानीय तह र नजिकको प्रहरी कार्यालयको सिफारिस,

६. सम्पूर्ण जानकारी सहित कम्पनीले उपलब्ध गराएको दाबी फाराम,

अन्य आवश्यक कागजातहरु केही दिन पछी उपलब्ध गराईने छ।

प्रमुख सचिव

अनुसूची:२

दफा ८ को उपदफा (ख) सँग सम्बन्धित

आवास बीमा दावी फाराम

मिती : ...............................

श्रीमान् ..............................................

बिषय: दाबी सम्बन्धमा

महोदय,

उपरोक्त विषयमा यस मन्त्रालय मार्फत त्यस कम्पनीबाट बीमा भएको भवन/घर मिती ..................... अन्दाजी ........... बजे ................................को कारण क्षती हुन गएकोले नियमानुसार दाबी भुक्तानीको प्रकृया अगाडी बढाईदिनु हुन अनुरोध छ।

१ बिमितको नाम:

२ ठेगाना:

३ अनुदान सम्झौता नम्बर र मिति:

४ बीमा लेख नम्बर:

५ अनुमानित क्षती रकम:

६ सम्पर्क नम्बर:

७ निवेदकको नाम र दस्तखत:

(२) देहाय बमोजिमका कागजातहरु संलग्न गरी भुक्तानीको लागी पेश गर्नुपर्नेछ।

(क) घर धनीको नागरिकताको प्रमाणपत्र, जग्गाधनी प्रमाण पूर्जा वा जग्गाको कित्ता नम्बर उल्लेख गरेको कागजात र घर निर्माण भएको स्थानीय तहको सिफारिस हुनुपर्नेछ।

अन्य आवश्यक कागजातहरु सर्भेयर मार्फत उपलब्ध गराईने छ।

सचिव

प्रमुख सचिव

Scanned with CamScanner